# कोन्ज्योसोम गाउँपालिका

# स्थानीय राजपत्र

## कोन्ज्योसोम गाउँपालिकाद्धारा प्रकाशित

खण्डः२ संख्याः५ मितिः२०७६।०७।०४


## भाग-२

## कोन्ज्योसोम गाउँपालिकाको

### अध्यक्ष पशुपंक्षी तथा मत्स्य विकास योजना संचालन कार्यविधि, २०७६

**प्रस्तावाना**

नेपालको अर्थतन्त्रको मेरुङण्डको रुपमा रहेको कृषि क्षेत्रमा पशु पालनको महत्वपूर्ण स्थान रहेको देशको कूल जनसंख्याको लगभग ६५ प्रतिशत जनसंख्या कृषिमा आधारित रहेको, जसमा राष्ट्रको कूल ग्राहस्थ उत्पादनको ३४ प्रतिशत कृषि क्षेत्रको योगदान रहेकामा, जसको एक तिहाई योगदान पशुपालन क्षेत्रको रहेको छ । नेपालको आर्थिक उन्नति कृषिको विकासबाट मात्र सम्भव छ । हाल नेपालको पशु पालन व्यावसाय परम्परागत प्रणालीबाट माथी उठ्न सकिरहेको छैन । देशमा कृषि अन्तरगतको पशु पालन व्यवशायलाई परम्परागत र निर्वाहमुखि प्रणालीबाट आधुनिकिकरण र व्यवशायीकरण गरी कृषि पेशालाई उच्च व्यवसायीक पेशाको रुपमा स्थापना गर्नु आजको आवश्यकता हो । स्थानीय श्रोत र साधानको समुचित एवं बैज्ञानिक उपयोगिता नै समाजको आर्थिक सामाजिक तथा सांकृतिक रुपान्तरणको उपाय हो भन्ने कृषि यसको मुख्य आधार हो । यस कृषि पेशालाई समाज रुपान्तरणको प्रमुख अंगको रुपमा स्थापित गराई बैदेशिक रोजगारमा रहेका युवाहरुलाई आकर्षित गराउनु आजको आवश्यकता हो ।

नेपाल सरकार, प्रदेश नं ३, कोन्जयोसोम गाउँपालिकाको आ व २०७६/ ७७ को वार्षिक निति तथा कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गत पशुपंक्षीहरुको पशु स्वास्थ्य, नशठ सुधार र पशु आहारालाई सुधार गरि स्वस्थ्य मासु तथा अण्डाको उत्पादनको उत्पादन वृद्धि तथा पारिवारिक स्तरमा पोषण सुरक्षा साथै आर्थिक अवस्था सुधारको लागि पशुसेवा शाखाको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि नेपालको संबिधानको अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा २ (ण) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि कोन्ज्योसोम गाउँकार्यपालिकाको बोर्ड बैठकबाट जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "अध्यक्ष पशुपंक्षी तथा मत्स्य विकास योजना कार्यक्रम संचालनको लागि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो कार्यबिधि कोन्ज्योसोम गाउँपालिका भित्र लागु हुने छ।

**२ परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "गाउँपालिका" भन्नाले कोन्ज्योसोम गाउँपालिका सम्झनु पर्दछ ।

ख) "पशु सेवा शाखा" भन्नाले कोन्ज्योसोम गाउँपालिका पशु सेवा शाखालाई जनाउँदछ ।

ग) "पशु बिकास कार्यदल" भन्नाले गाउँपालिका अन्तरगत गठन भएको पशु बिकास कार्यदललाइ जनाउदँछ ।

घ) "समुह/समिति/सहकारी" भन्नाले कार्यक्रम संचालनको लागि छनौट गरिएको वा गठन गरिएको समुह/समिति/सहकारीलाइ जनाउदँछ ।

ङ) "सदस्य" भन्नाले कार्यक्रम संचालनको लागि छनौट भएको समुह/समिति/सहकारीमा आवद्ध भएको कृषक सदस्यलाइ जनाउछ ।

च) "सहभागी कृषक" भन्नाले कोन्ज्योसोम गाउँपालिका भित्र स्थायी बसोवास भई कार्यक्रम संचालनको लागि छनौट भएको वा गठन गरिएको
समुह/समिति/सहकारीका सदस्य र स्वीकर्त कार्यक्रममा सहभागी कृषकलाइ जनाउछ ।

छ) "वडा " भन्नाले कोन्ज्योसोम गाउँपालिकाका अन्तरगतका वडाहरु सम्झनु पर्दछ ।

ज) "जनप्रतिनिधि" भन्नाले कोन्ज्योसोम गाउँपालिकाको गाउँ सभा सदस्यहरुलाइ सम्झनु पर्दछ ।

झ) "कार्यपालिका" भन्नाले कोन्ज्योसोम गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

ज) "पशु सेवा केन्द्र" भन्नाले कोन्ज्योसोम गाउँपालिका भित्र पशु सेवाका कार्यक्रमलाइ प्रभावकारी रुपमा सचालन गर्न स्थापना गरिएको सेवा
केन्द्रलाइ सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३. कार्यक्रमको उदेश्य**

स्वस्थ्य पशुपंक्षी जन्य सामाग्री उत्पादन वृद्धि गराई मानवको पोषण सुरक्षा र जन स्वास्थयको सुरक्षा गर्न तल उल्लेखित विधाहरुमा सुधार गरि उत्पादन वृद्धि गर्ने लक्ष्य रहेको छ। यस कार्यक्रमको निम्नानुसार उदेश्य रहेको छ ।

क) कोन्ज्योसोम गाउँपालिका अन्तरगतका कृषकहरूको पशुपालनलाइ व्यवसायिकता वनाइ पशुपालन मार्फत आय आर्जन बृद्धि गराई आत्मानिर्भर बनाउने ।

ख) पशुपन्छिपालनलाई व्यवसायिक वनाइ मासुमा आत्मानिर्भर हुन सहयोग पुरयाउने ।

ग) पशुपन्छीको आहाराको लागि घाँसहरुको बिकास गराइ घाँसको श्रोतकेन्द्र तयार पारी पशु आहारामामा सुधार ल्याउने ।

घ) नस्ल सुधार गरी उन्नत नश्ठका पशुह उत्पादन गरी श्रोतकेन्द्रको रुपमा बिकास गर्ने ।

ङ) पशु स्वास्थ्य सुरक्षा गराइ रोगहरुको न्युनीकरण गराउने ।

च) पशुजन्य पदार्थको बजारीकरणमा सहजीकरण गर्ने ।

छ) पशुपालनलाई उच्च सम्मानजनक पेशाको रुपमा बिकास गर्न सहयोग पुर्रेयाउने ।

## ४. कार्यक्रम संचालन विधि

१. कार्यक्रमहरु कोन्जयोसोम गाउँपालिका भित्र लागु हुनेछ । केही कार्यक्रमहरु स्वीकृत कार्यक्रम अनुसार तोकिएको वडाहरुमा मात्र लागु हुनेछ।

२. कार्यक्रमको लगि कृषक/समुह/ फार्म आदि छनोट पशु सेवा कार्यदलले गर्नेछ र सोको अनुगमन गाउँपालिकाले गर्नेछ ।

३. कार्यक्रम सचालनको लागि गाउँपालिकामा प्रशासकिय अधिकृतज्यूको संयोजकत्वमा पशु सेवा कार्यदल रहने छ जसमा ७ सदस्य रहनेछ।

संयोजकः प्रमुख प्रशासकिय अधिकृत-
सदस्यः संयोजक आर्थिक विकास समिति
सदस्यः गाउँकार्यपालिकाबाट नियुक्त गरिएका सभा सदस्य र जना (१ जना महिला) अनिवार्य
सदस्यः कृषि सेवा शाखा प्रमुख
सदस्य सचिवः पशुसेवा शाखा प्रमुख

## ५. कार्यक्रमको लागि स्थान र कृषक छनौट

कार्यक्रम संचालनको लागि देहायको आधारमा स्थान छनौट गरिनेछ।

क) कार्यक्रम संचालनको लागि पशुपन्छि पालनको लागि गाउँपालिकाको गाउँपरिषदबाट निर्णय भए बमोजिम तोकिएको प्रथमिकताक्रम अनुसारका पशुपंन्छीपालनको लागि स्थान छनौट गरी पशु सेवा कार्यदलबाट छनौट गरी कार्यक्रम सचालन गरिने छ।

ख) कार्यक्रम छनौट भएको स्थानमा अन्य संघ संस्था वा सरकारी तथा गैर सरकारी संस्थाबाट सोही प्रकृतिको कामहरु भएमा समन्वयात्मक रुपमा दोहोरोपना नहुने गरी संचालन गर्न सम्वन्धित वडा कार्यलयसंग समेत सहकार्य गरिने छ।

ग) कार्यक्रम संचालनको लागि छनौट भएको स्थानमा कार्यक्रममा सहभागी हुन चाहाने कृषकलाइ सूचना प्रकाशित गरी अनुसूची बमोजिमको ढाँचामा निवेदन संकलन गरिने छ।

घ) प्राप्त भएको निवेदनलाई प्राथमिकताका आधारमा सम्वन्धित वडाबाट छनौट गरिने छ।

ङ) सहभागी कृषक छनौट भइ सके पछि उक्त कृषकहरुको समुह भएमा सोही समुहलाइ सकृय वनाई वा सहकारी संस्था वा अन्य निकायबाट सोही प्रकृतिका कार्यक्रम संचालनका लागि गठन भएका समुह/समिति/सहकारी भएमा सकेसम्म उक्त संस्थामा आवद्धता गराइ कार्यक्रम संचालन गरिने छ वा नयाँ समुह गठन गरिनेछ ।

च) छनौट भएको वा नयाँ गठन भएको समुह समिति वा सहकारी कोन्ज्योसोम गाउँपालिका कार्यालयमा दर्ता गराइने छ।

छ) कार्यक्रम संचालनको लागि अनुसूची बमोजिम कार्यक्रम संचालन सम्झौता गरिने छ ।

## ६. कार्यजिम्मेवारी बाँडफाँड

पशु सेवा कार्यक्रम अन्तरगत पशुपन्छिपालन कार्यक्रम संचालनको लागि देयाय बमोजिम जिम्मेवारी हुनेछ ।

### १. गाउँपालिकाको जिम्मेवारी

क) कार्यक्रम संचालनको लागि समन्वयत्मक भुमिका निर्वाह गर्ने ।
ख) छनौट भएका समुह समति र सहकारीको दर्ता गर्ने ।
ग) कार्यक्रम संचालनमा कुनै वाधा वा नितिगत समस्या आएमा सो को व्यवस्थापन गर्ने ।

घ) कार्यक्रमको नियमित अनुगमन र निरिक्षण गर्ने गराउने ।

ङ) अन्य आवश्यक परामर्श, सल्लाह तथा निर्देशन दिने ।

च) कार्यक्रम संचालनको लागि सम्भावित स्थानको पहिचाहन गरी स्थान छनौट गर्ने ।

छ) छनौट भएको स्थानमा रहेका अन्य संघ संस्थाका पशु बिकासका कार्यक्रमको जानकारी लिइ समन्वय गर्ने र गराउने ।

ज) सहभागी कृषकको निवेदन लिइ प्राथमिकीकरण गर्ने ।

झ) सहभागी छनौट गरी कार्यक्रम संचालन गर्ने ।

ञ) कार्यक्रमको प्रगति प्रतिवेदन नियमित रुपमा तयार गर्ने ।

ट) कृषकहरुलाई आवश्यक प्राबिधिक परामर्स र सरसल्लाह दिने ।

ठ) कार्यक्रम समयमा नै संचालन गर्ने गराउने ।

**२. वडा कार्यालयको जिम्मेवारी**

क) कार्यक्रम संचालनको लागि सहभागी कृषक छनौटमा सहयोग गर्ने ।

ख) वडाको क्षेत्र भित्र रहेका सरकारी र गैर सरकारी निकाय बीच समन्वयात्म सहकार्य गर्न लगाउने र गराउने ।

ग),करार्यक्रमको नियमित अनुगमन निरिक्षण गर्ने ।

घ) कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्न लगाउने ।

ङ) कार्यक्रम संचालन गर्न समुह/समिति/सहकारी र सहभागी कृषकलाइ अन्य आवश्यक परामर्स, सल्लाह दिने ।

**३. कषक समुह समिति वा सहकारीको जिम्मेवारी**

क) छनौट भएको समुह गाउँपालिकामा दर्ता गराउने ।

ख) नियमित बैठक वस्ने र वसाउने ।

ग) सदस्यहरुको माग संकलन गर्ने र गाउँपालिकामा पेश गर्ने ।

घ) सदस्यहरुले कार्यक्रमको उदेश्य अनुसार काम गरे नगरेको रेख देख गर्ने ।

ङ) कार्यक्रमको लागि सम्झौता गरी सोही अनुसार गर्ने ।

च) कार्यक्रम संचालनमा कुनै नितिगत वा व्यवहारिक समस्या भएमा कोन्ज्योसोम गाउँपालिकामा (पशु सेवा शाखा) संग समन्वयन गर्ने ।

**४. सहभागी कृषकको जिम्मेवारी**

क) गाउँपालिकाबाट प्राप्त वस्तुगत वा नगदगत अनुदानको उदेश्य अनुसार नै खर्च गर्ने ।

ख) पशुपन्छिपालनको लागि आवश्यक उपयुक्त गोठखोर प्राबिधिकको राय अनुसार निर्माण कार्य गर्ने ।

ग) पशुपन्छिको नियमति हेरचाह गर्ने ।

घ) आफ्नो निजी जग्गा वा वरपरको सार्वजनिक जग्गामा घाँसको बिकास गर्ने र गर्न लगाउने ।

ङ) पशुपन्छिमा नियमित रुपमा महामारीजन्य रोग बिरुद्ध पशु सेवामा कार्यरत प्राविधिकको सहयोग लिइ खोप लगाउने ।

च) पशुहरुमा हाडनाता बीच प्रजनन नगराउने ।

छ) पशुपन्छिहरुको अभिलेख राख्ने र समुह समिति मार्फत कोन्ज्योसोम गाउँपालिका (पशु सेवा शाखा) मा पठाउने ।

ज) पशुपन्छिहरुमा कुनै समस्या आएमा तुरुन्त पशु सेवामा कार्यरत वा निजी स्तरमा कार्यरत प्राबिधिक संग आवश्यक प्राविधिक सहयोग लिने र उपचार गराउने ।

झ) अन्य केही समस्या आएमा समुह समिति सहकारी वडा कार्यालय वा गाउँपालिका सम्पर्क गर्ने ।

ज) कार्यक्रमलाइ उदेश्य अनुसार नै संचालन गर्ने र गराउन सहोगात्मक भुमिका निर्वाह गर्ने ।

**७. सचालन गरिने कार्यक्रमहरु**

गाउँपालिका भित्र स्वीकृत कार्यक्रम तपशिल बमोजिम सचालन गरिनेछ ।

**७.१ गाइ भैसीलाइ सुत्केरी भत्ता बितरण**

१. गाइ भैसीलाइ सुत्केरी भत्ताको लागि गाउँपालिका भित्रका पशुपालक कृषक मात्र सहभागी हुन पाउने छन ।

२. गाउँपालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्रमा तोकएको कागजात सहित निवेदन दिनुपर्नेछ ।

३. सुत्केरी भत्ता प्राप्त गर्ने कृषकले सम्वन्धित पशु अनिवार्य रुपमाबीमा गराएको हुन पर्ने छ।

४. कृषक आफैले घरमापालेको पशुलाइमात्र यस कार्यक्रममा छनौट गरिनेछ अन्यत्रबाट खरीदगरि ल्याएको पशु यस कार्यक्रममा सहभागी
गराइने छैन।

५. यस कार्यक्रममा साना कृषकलाई प्रथामिकताक्रममा राखिने छ।

६, मुल्याङ्कन गर्दा सो मितिको नजिकमा ब्याएको पशु छनोट गरिनेछ ।

७. प्राप्त निवेदन अनुसार पशु सेवा शाखा, पशु सेवा केन्द्र,पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट अनुगमन गरिने छ।

८. छनोट भएका कृषकले प्रति सुत्केरी पशु बढीमा रु ५,००० प्रदान गरिनेछ ।

९. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।

**७.२ गाउँपालिका स्तरीय ठुला पशुपालन फार्म अनुदान**

गाउँपालिका भित्रका ठुला पशु फार्म मध्ये उत्कृष्ठ एक फार्म छनोट गर्ने र सो फार्म गाउँपालिकाको मोडल फार्म हुने गरि अन्य कृषकहरुलाई उदाहरणको रुपमा विकास गरि सफा र स्वस्थय दुध तथा मासु उत्पादन गर्नु प्रमुख उदेश्य रहनेछ ।

१. गाउँपालिका स्तरीय ढुला पशुपालन फार्म अनुदानको लागि गाउँपालिका भित्रका पशुपालक कृषक मात्र सहभागीहुनपाउने छन ।

२. गाउँपालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्रमा तोकिए बमोजिमको बिबरण सहित तोकिएको ढाँचामा निवेंदन, वडा
कार्यलयको सिफारिस सहित पशु सेवा शाखामा दर्ता गर्नु पने छ ।

३. अनुदान प्राप्त गर्ने फार्म अनिवार्य रुपमा दर्ता भएको र गाउँपालिकामा अभिलेखिकरण भएको हुन पर्ने छ ।

४. यस कार्यक्रममा ठुला कृषकलाई प्रथामिकता क्रममा राखिने छ।

५. प्राप्त निवेदन अनुसार पशु सेवाशाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट अनुगमन गरिने छ।

६. पशु फार्मको छनौटको मुख्य मुख्य मापदण्डहरु तपशिल बमोजिम हुनेछ ।

क) पशुपालन संख्या

ख) दैनिक दुध उत्पादन लि. मा वा वार्षिक मासु उत्पादन के.जी.मा

ग) गोठ प्रविधिक ईस्टिमेट अनुसार भए नभएको (प्राविधिक ईस्टिमेट गाँउ कार्यपालिकाको कार्यलयले पाश गरेको मापदण्ड अनुसार हुनेछ)

घ) पशुहरु बिमा भए/नभएको

ङ) दुध प्रशोधन र बजारिकरणमा नयाँ यन्त्रहरुको प्रयोगको अवस्था
च) स्वस्थय दुध तथा मासु उत्पादनमा गरिएको पहल ।
७. आवेदन दिने फार्मले अनुसूची बमोजिम संक्षिप्त प्रस्ताव पेश गर्नु पर्नेछ ।
८. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।
९. अनुदान प्राम्त हुने फार्मले ५० प्रतिशत साझेदारीमा थप के कस्ता कार्य गर्ने हो स्पष्ट खुलाउनु पर्नेछ।
१०. उस्तै प्रकृतिको नियम पुर्वक रिट परेको खण्डमा पशु सेवा कार्यदलको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

**७.३ बाखा विकास कार्यक्रम**

१. यस कार्यक्रममा गाउँपालिकाको गाउँपरिषदले प्राथामिकता तोकेको आधारमा क्षेत्र छनौट गरिनेछ ।
२. बाखा श्रोत केन्द्र स्थापनाका लागि छनौट भएको स्थानमा ५/५ जनाको ५ वटा समुह वनाइ २५ जना कृषक छनौट गरिने छ। सो समुहहरु स्थापना सम्बन्धित वडा कार्यलयको सहकार्यमा गरिनेछ ।
३. कार्यक्रममा सहभागी हुने कृषकले गाउँपालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्र अनुसूची बमोजिम निवेदन पेश गर्नु पर्ने छ।
४. कृषक छनौट गर्दा प्रत्येक कृषकले कम्तिमा ५ माउबाखा पालन गर्ने कृषक छनौट गरिने छ।
५. छनौट गरिएका कृषक समुहमा प्रजननको १ वटा व्याडको बोका उपलव्ध गराइने छ।
६. बाखाको खोर सुधारको लागि ५० प्रतिशत साझेदारीमा गरिने छ र प्रतिखोर सुधारको लागि दिइने अनुदान रकम ५० प्रतिशत अथवा
विनियोजित बजेट भन्दा बढी हुने छैन । खोर निर्माणको कार्य गाँउकार्यपालिकाको स्वीकृत प्राविधिक मापदण्ड अनुसार हुनेछ ।
७. बाखा समुहमा हाडनाता प्रजनन पुर्ण रुपमा रोकिने छ र लागु भएको समुहहरुमा रहेका बोकाहरुलाई बन्ध्याकरण गरिनेछ र सो को
नियमित अनुगमन गरिने छ।
८. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन।
९. कार्यक्रम संचालन हुने समुहका सम्पुर्ण बाखाहरुको अनिवार्य रुपमा कृषक स्वंयमले बिमा गर्नुपर्नेछ ।
१०. बोकाको स्हारसुसार समुहको निर्णय अनुसार र बोकाको प्रजनन् शुल्क पनि समुहको निर्णय अनुसार हुनेछ।

**७.४ पशुधन सुरक्षा कार्यक्रम**

१. पशुधन सुरक्षा कार्यक्रममा सहभागी कृषक गाउँपालिका भित्र पशुपालन गर्ने कृषक मात्र सहभागी हुन पाउने छन।
२. गाउँपालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्रमा अनुसूची बमोजिम निवेदन पेश गर्नु पर्ने छ।
३. बिमा अभिकर्ता अनिवार्य रुपमा गाउँ पलिका पशु सेवा शाखामा सुचिकृत भएको हुनु पर्नेछ।
३. बीमा गर्दा कृषकले तिरेको प्रिमियम रकमको बढीमा ५०% रकम अनुदान उपलव्ध गराइने छ ।
४. अन्य कार्यक्रममा सहभागी भएका र अन्य निकायबाट यसै प्रकृतिका काममा अनुदान प्राप्त गरेको भएमा निजलाइ छनौट प्रकृयामा
राखिने छैन।
५. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।
६. प्राप्त निवेदन अनुसार पशु सेवा शाखा, पशु सेवा केन्द्र र सम्वन्धित बडा कार्यालयबाट अनुगमन गरिने छ।
७. यो कार्यक्रम चालु आ.व.को यसै शिर्षकमा रहेको बजेट रहँदा सम्म लागु हुनेछ ।

**७.५ कुखुरा प्रबद्वन कार्यक्रम**

व्यवसायिक स्थानिय कुखुरा पालन तालिम संचालन (वडा नं २ र ३) १ दिने स्थानः

- तोकिएको वडा भित्र कुखुरा पालनलाई उपयुक्त हुनै स्थानर सबैलाई पायक पर्ने स्थान ।
- कुखुरा पालन गरिरहेका र ईच्छुक कृषकहरु भएको स्थानलाई प्राथमिकतामा राखिनेछ ।
- छलफल गर्ने ठाउँ भएको स्थल ।
- यातायात र संचारको दृष्टीले पायक पर्ने ठाउँ ।

सहभागि छनोट :परमपरागत पद्दतीमा कुखुरा पालन गरि रहेका कृषकहरु ।

शिप सिकन ईच्छुक कृषकहरु ।

सहभागी संख्या :१५-२० जना

जिम्मेवार निकाय : पशु सेवा शाखा, सम्बन्धित पशु सेवा केन्द्र।

**तालिम संचालन खर्च**
**(१ कार्य दिन)**

| क्र.सं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | २० जना कृषक | जना | २० | १०० | २५०० |
| २ | स्टेस्नरी | | २५ | १०० | ३००० |
| ३ | फ्लेक्स प्रिन्ट, तालिम सामाग्री | | १ | | ८००० |
| ४ | श्रोत व्यक्ति पारिश्रामिक | कक्षा | ४ | १५०० | ६००० |
| ५ | श्रोत व्यक्ति यातायात | व्यक्ति | ४ | ५०० | २००० |
| ६ | प्रतिवेदन तयारी | पटक | १ | १००० | १००० |
| ७ | खाजा खर्च | जना | २५ | १०० | २५०० |
| ८ | कार्यक्रम अनुगमन तथा मूल्याङकन खर्च | पटक | १ | ५००० | ५००० |
| | | | | जम्मा रकम | ३००००/- |

**७.६ लोकल कुखरा पालन प्रवद्दनका लागि ५ वटै बडामा फार्म स्थापनाको लागि चल्ला खरिद, ढुवानी तथा वितरण**

१. कार्यक्रम गाउँपालिकाको क्षेत्र भित्र पाचँवटा वडाहरु हरुमा सचालन गरिने छ।

२.कार्यक्रममा सहभागी हुने कृषकले गाउँ पालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्र अनुसूचीमा तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ।

३.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।

४.समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।

५. दिने चल्ला प्रदान गरिने फार्म प्रत्येक वडामा २-२ वटा गरि जम्मा १० वटा फार्महरु रहने छन । यस कार्यक्रमको आर्थिक नर्मस यस प्रकार रहने छ।

क. चल्ला खरिद : रु १,८०,०००/-

ख. ढुवानीः रु १०,०००/-

ग. सामान्य औषधी खरिद रु १०,०००/-

**७.७ लेयर्स कुखुरा प्रवर्द्धनको लागि चल्ला खरिदमा अनुदान**

कार्यक्रम गाउँपालिकाको क्षेत्र भित्र पाचैंवटा वडाहरु हरुमा सचालन गरिने छ।

१.कार्यक्रममा सहभागी हुने कृषकले गाउँ पालिकाले सूचना प्रकाशित गरेको समय सिमा भित्र अनुसूचीमा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ।

२. प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ ।

३. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।

४. कोन्ज्योसोम गाउँपालिका भित्र मध्ये कुनै एक फार्म छनौट गरिने छ ।

५. यसकार्यक्रमको आर्थिक नर्मस यस प्रकार रहने छ।

चल्ला खरिद रु ४२,५००/-

ढुवानी खर्च रु ५,०००/-

सामान्य ओषधी (पहिलो हप्ताको लागि) रु २,५००/-

६. कार्यक्रममा सहभागी कृषकले चल्ला राख्ने खोर आफैले निर्माण गर्नु पर्ने छ ।

७. कार्यक्रममा सहभागी हुने कृषकले पालना कुखुराको राम्रो हेरचाहा गर्नुपर्ने छ गुणस्तरिय दाना प्रयोग गर्नु पर्ने छ नियमित रुपमा खोप तालिका अनुसार खोप गाउनु पर्ने छ र बीमाको व्यवस्था कृषक स्वयमले गर्नु पर्ने छ।

**खोप तालिका**

| दिन | खोप | तरिका | कैफियत |
|---|---|---|---|
| ५ | म्यारेक्स | छाला मुनी | |
| ७ | एफ वान | आँखामा | |
| १२ | गम्बारो पलस | आँखामा | |
| १८ | गम्बारो पलस | पानीमा | |
| २८ | लासोटा | पानीमा | |
| ४२ | फाउल पक्स | मासुमा/ पखेटा मुनी | |
| ६० | लासोट | पानीमा | |

**७.८ एकल महिला, अपाङ्ग तथा पिछडिएका बर्गमा आयआर्जन कार्यक्रम**

१. कार्यक्रममा सहभागी हुन चाहने कृषकले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ ।

२. सहभागी कृषकले अपाङ्ग एकल महिला पिछडिएको वर्गको वडा कार्यलयको सिफारिस वा कार्ड ( महिला बालबालबालिका शाखाको समन्वयमा ) पेश गर्नु पर्ने छ ।

३. प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।

४. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।

५. लक्षित वर्गमा आयआर्जनको लागि विउ स्वरुप बाख्रा वा कुखुरा निशुल्क रुपमा वितरण गरिनेछ ।

६. प्राप्त बाख्रा अनिवार्य रुपमा बिमा गर्नु पर्ने छ र बिमा बापतको प्रिमियम शुल्क कृषक स्वयंमले व्यहोर्नु पर्नेछ ।

**७.९ दुध संङ्कलन केन्द्रलाई ५०% अनुदानमा दुध विषलेषण मेसिन (मिल्क एनालाईजर) ३ थान खरिद वितरण कार्यक्रम (वडानं२)**

१.कार्यक्रममा सहभागी हुन चाहाने दुध संकलन केन्द्रले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ।

२.कार्यक्रममा सहभागी हुने दुध संकलन केन्द्र गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्नेछ ।

३.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ। संङ्कलन केन्द्रले मिल्क एनालाईजर नियमित रुपमा संचालन गर्ने प्रतिबद्ता गर्नु पर्नेछ ।

४.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।

५. समय सिमा भित्र प्राप्त नभएका निवेदन कार्यक्रममा समावेश गरिने छैन ।

६.निवेदक संस्थाले अघिल्लो आ.वको वार्षिक आर्थिक अडिट रिपोर्ट र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

७.उक्त कार्यक्रमको मुल्याङ्कन तथा छनोट तपशिलको मापदण्ड अनुसार छनौट गरिने छ।

- सबैभन्दा बढी दुध संङ्कलन गर्ने केन्द्र
- यस भन्दा अगाडी सोहि प्रकृतिको कार्यक्रममा सहभागी नभएको ।
- कृषक सहभागी संख्या ।
-

८. उक्त कार्यक्रममा सहभागी हुने दुध संकलन केन्द्रले निम्नानुसारका सर्तहरु पालना गर्नु पर्ने छ।

- ७०० प्रतिशत अनुदान वा तोकिएको बजेट अनुसार जुन रकम कम हुन्छ त्यही भुक्तानी गरिनेछ ।

- प्राप्त एनालाईजर अनिवार्य रुपमा नियमित रुपमा प्रयोग गर्नु पर्नेछ सोको अनुगमन नियमित रुपमा गरिनेछ ।
- यस भन्दा अगाडी सोहि प्रकृतिको कार्यक्रममा सहभागी नभएको साथै कुनै श्रोतबाट एनालाईजर प्राप्त गरि संचालनमा रहेको संङ्कलन केन्द्रलाई यस कार्यक्रममा सहभागी गराईनेछैन ।

९. कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल, सम्वन्धित बडा कार्यालयबाट र गाउँपालिका अनुगमन समितबाट जुनसुकै समयमा पनि गरिने छ।

**७.१० दुध संङ्कलन केन्द्रलाई (समुह /सहकारी) ५०% अनुदानमा मिल्क क्यान वा चिलिङ्ग भ्याटमा खरिद तथा वितण वडा नं. ३**

१.कार्यक्रममा सहभागी हुन चाहाने दुध संकलन केन्द्रले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ।

२.निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्ने छ ।

३.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।

४.संकलन केन्द्रमा दुध बिक्रि गर्ने कृषक सहभागी संख्याको तथ्याङक पेश गर्नु पर्ने छ ।

५.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।

६.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ ।

७.कार्यक्रमको मुल्याङ्कन तथा छनौटको मुख्य आधार दुध बढी संङ्कलन गर्ने केन्द्र लाइ छनौट गरिनेछ ।

८.उक्त कार्यक्रममा सहभागी हुने दुध संकलन केन्द्रले निम्नानुसारका सर्तहरु पालना गर्नु पर्ने छ।

- ५० प्रतिशत अनुदान वा तोकिएको बजेट अनुसार जुन रकम कम हुन्छ त्यही भुक्तानी गरिनेछ ।

९.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ।

**७.११ पशुपंक्षी बजार प्रबर्दन कार्यक्रम**

सहकार्यमा मासु पसल सुधार कार्यक्रम (५ वटै वडामा)

१. कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकाशन पश्चात तोकीएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२. निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्ने छ।

३.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।

४.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।

५.कार्यक्रममा सहभागी छनौट गर्दा १ वडामा १ वटा मासु पसल नबढने गरि छनौट गरिनेछ।

६.सहभागी व्यवसायीले प्राविधिक मापदण्ड अनुसार मासु पसल संचालन गर्नुपर्ने छ।

७.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ।

**७.१२ पशुपालक कृषक सम्मान कार्यक्रम**

गाँउपालिका उत्कृष्ट पशुपालन सहकारी ) समुह पुरस्कार

१. कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

२. निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्नेछ ।

३. संस्थाको पछिल्लो आ. व.को वार्षिक लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४. निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।

५. प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।
६. कार्यक्रममा मुल्याङ्कन तथा छनौट तपशिल मापदण्ड अनुसार गरिनेछ ।

- विधान बमोजिम काम भए नभएको ।
- लेखा परिक्षण प्रतिवेदन ।
- पशुपालन क्षेत्रमा संस्थाले गरेको योगदान ।

७. पुरस्कार रकम यस प्रकार रहने छ

| | |
|---|---|
| क.प्रथम पुरस्कार | रू १०००० |
| ख.दितिय पुरस्कार | रू ८००० |
| ग.तृतिय पुरस्कार | रू६००० |
| घ.सान्तवना पुरस्कार | रू ३००० बढीमा ४ जना |

८. कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ।

**७.१३ गाँउपालिका उत्कृष्ट पशुपंक्षी पालक कृषक पुरस्कार**

१.कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन दिनु पर्ने छ ।
२.निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्नेछ ।
३.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।
४.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ।
५.कार्यक्रममा मुल्याङ्कन तथा छनौट तपशिल मापदण्ड अनुसार गरिनेछ ।

- पालन गेरेको पशुपंक्षी मतस्य संख्या
- बार्षिक दुध वा मासु वा अण्डा वा माछा उत्पादन परिणाम ।
- दुध तथा खसीबोकाको हकमा घाँस खेतीको विवरण ।

६. पुरस्कार रकम यस प्रकार रहनेछ

| | |
|---|---|
| क. प्रथम पुरस्कार | रू१०००० |
| ख. दितिय पुरस्कार | रू ८००० |
| ग. तृतिय पुरस्कार | रू६००० |
| घ. सान्तवना पुरस्कार | रू ३००० बढीमा ४ जना |

७. कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिनेछ।

**७.१४ गाँउपालिका उत्कृष्ट दुध संङ्कलन केन्द्र प्रोत्साहन पुरस्कार**

१.कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन ।
२. निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्नेछ।
३. निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।
४.प्राप्त निवेदन अनुसार पशु शेवाशाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशुसेवा कार्यदलबाट छनौट गरिनेछ ।
५. कार्यक्रममा मुल्याङ्कन तथा छनौट तपशिल मापदण्ड अनुसार गरिनेछ।

- बार्षिक दुध संङ्कलन परिमाण ।
- सदस्य कृषक संख्या ।
- नयाँ प्रविधि तथा यान्त्रिरणको उपयोग ।

६.पुरस्कार रकम यस प्रकार रहने छ

| | |
|---|---|
| क. प्रथम पुरस्कार | रू १०००० |
| ख. दितिय पुरस्कार | रू ८००० |
| ग. तृतिय पुरस्कार | रू ६००० |
| घ. सान्तवना पुरस्कार | रू ३००० बढीमा ४ जना |

७.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ।

**७.१५ माछा फार्म संचालनमा अनुदान कार्यक्रम (बजेटमा प्रस्तावित स्थान/वडामा संचालन हुने)**

१.कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन ।

२.निवेदक संस्था गाउँ पालिकामा दर्ता अभिलेखकिकरण भएको हुनु पर्नेछ ।

३.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।

४.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ ।

५.कार्यक्रममा मुल्याङ्कन तथा छनौट तपशिल मापदण्ड अनुसार गरिनेछ ।

- प्राविधिक मापदण्ड अनुसार माछा पोखरी निर्माण गर्न उपयुक्त भए नभएको ।
- माछाको बिमा गरिएको हुनुपर्ने ।
- माछा राख्रे क्षमताको विवरण ।

६.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ ।

**७.१६ भकरो सुधार कार्यक्रम**

१.कार्यक्रममा सहभागी हुने संस्थाले सुचना प्रकासन पस्चात तोकिएको ढाँचामा निवेदन ।

२.निवेदन वडा कार्यलयको सिफारिस साथ दिनु पर्ने छ।

३.प्राप्त निवेदन अनुसार पशु सेवा शाखा पशु सेवा केन्द्रबाट अनुगमन गरी पशु सेवा कार्यदलबाट छनौट गरिने छ ।

४.कार्यक्रममा मुल्याङ्कन तथा छनौट तपशिल मापदण्ड अनुसार गरिनेछ ।

- पालिएका पशु सख्या ।
- यस भन्दा अघि सोही प्रकृतिको कार्यमा सहभागी भइ अनुदान प्राप्त नगरेको ।

५. सहकार्यमा हुने कार्यक्रममा स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम बजेटबाट नबढने गरी ५० प्रतिसत रकम भुक्तानी हुने छ।

६.कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल र सम्वन्धित बडा कार्यालयबाट गरिने छ।

**८. आर्थिक प्रशासन सेवाः**

१. कार्यक्रमको लेखा ,लेखाकंन ,लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन,२०५५ आर्थिक कार्यविधि नियमावली,२०६४, सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम गरिनेछ ।

२. केन्द्रीय स्तर ससर्त अनुदानबाट सचालन हुने कार्यक्रमहरु पशु सेवा बिभाग बाट स्वीकृत कार्यक्रम सचालन निर्देशिका बमोजिम हुने छ।

३. फिल्ड स्तरमा नै सचालन गरिने कार्यक्रमहरु कार्यक्रम सचालनको लागि फिल्डमा कामकाज गर्न खटिएका वा अनुगमनमा गएका
कर्मचारीलाइ थप बजेटबाट भार नपर्ने गरी रु १००० भत्ता स्वीकृत कार्यक्रमबाट नै उपलव्ध गराउन सकिने छ ।

४. कार्यक्रम सम्वन्धि प्राबिधिक मापदण्डहरु पशु सेवा शाखाबाट तयार परी कार्यदलबाट स्वीकृत गरिनेछ ।

**९. प्रगति प्रतिवेदन,समीक्षा र अनुगमन**

छो र. कार्यक्रम संचालन भए देखि नियमित रुपमा प्रत्येक महिनामा भए गरेको कामको प्रगति प्रतिवेदन समुह/समति/सहकारीले वडा कार्यालयमा
र कोन्ज्योसोम गाउँपालिका (पशु सेवा शाखा) मा पेश गर्नु पर्ने छ र पशु सेवा शाखाले चौमासिक रुपमा पशु बिकास कार्यदलमा पेश गरी
समीक्षा गर्नु पर्ने छ । कार्यक्रमको नियमित अनुगमन पशु सेवा शाखा, पशु सेवा केन्द्र, पशु सेवा कार्यदल, सम्वन्धित बडा कार्यालयबाट
र गाउँपालिका अनुगमन समितबाट जुनसुकै समयमा पनि गरिने छ ।

**१०. विविध**

क) यस कार्य बिधिमा उल्लेख नगरिएका अन्य कार्यहरु प्रचलित कानुन कमोजिम हुने छ ।

ख) कार्यक्रममा कुनै बिवाद भएमा अपसि सहमतिमा समाधान गरिनेछ तर गाउँपालिकको निर्णय अन्तिम हुने छ।

ग) यो कार्यबिधिलाइ गाउँपालिकाले आवश्यकता अनुसार सम्सोधन गर्न सक्ने छ।

**अनुसूची-१ (क)**

(गाई भैसीलाइ सुत्केरी भत्ता बितरणको निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौघरे ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषायमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए बमोजिम गाइ भैसीलाइ सुत्केरी भत्ता कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. ब्याउने वा व्याएको पशुको बिबरण
 क) पशुको टयाग नं
 ख) व्याएको मिति
३. पशु बीमाको बीमालेख प्रतिलीपी
४. वडा कार्यालयको सिफारिस पत्र

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

**अनुसूची-१ (ख)**

(गाउँपालिका स्तरीय ठुला पशुपालन फार्म अनुदान निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू,
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर ।

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषायमा मिति २०७६// को प्रकाशित सूचना अनुसार माग भए बमोजिम ठुला पशुपालन फार्म अनुदान कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

१.नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२.फार्म दर्ताको प्रतिलीपी
३.स्थायी लेखा न. प्रतिलीपी
४.पशु बीमाको बीमालेख प्रतिलीपी
५.वडा कार्यालयको सिफारिस पत्र
६.अनुसूची २ बमोजिमको प्रस्ताव

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः
सस्थाको छाप

## अनुसूची-१ (ग)

(बाख्रा विकास कार्यक्रम श्रोत केन्द्र स्थापना निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौघरे ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषायमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए बमोजिम बाख्रा विकास कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु । छ

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. हाल रहेका बाख्रा सख्या
क), माउ बाख्रा सख्या
ख) पाठा/पाठी
ग) पढ्याङग्रा/ पठ्याङग्री
घ) प्रजनन् को बोका
३. वडा कार्यालयको सिफारिस पत्र

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

**अनुसूची-१ (ग)**

(बाख्रा विकास कार्यक्रम श्रोत केन्द्र स्थापना निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू,
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषायमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए बमोजिम बाख्रा विकास कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु ।

**तपशिल**

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. हाल रहेका बाख्रा सख्या
क) माउ बाख्रा सख्या
ख) पाठा/पाठी
ग) पठ्ङग्रा/ पठ्याङग्री
घ) प्रजनन को बोका
३. वडा कार्यालयको सिफारिस पत्र

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

**अनुसूची-१ (घ)**
**(पशु बीमामा अनुदानको लागि निवेदन)**

श्री पशु सेवा शाखा प्रमुख ज्यू,
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर ।

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषयमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए बमोजिम पशु बीमामा अनुदानको कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

**तपसिल**

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. पशु बीमाको बीमालेख प्रतिलीपी

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

## अनुसूची-१ (ङ)

(लेयर्स कुखुरा प्रवद्धनतको लागि चल्ला खरिदमा अनुदान/ लोकल कुखुराको चल्ला बितरणको निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू,
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर ।

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

प्रस्तुत बिषायमा मिति २०७६//को प्रकाशित सूचना अनुसार माग भए बमोजिम लेयर्स कुखुरा प्रवद्ध॥नको लागि चल्ला खरिदमा अनुदान लोकल कुखुराको चल्ला बितरण कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपशिल

१.नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२.वडा कार्यालयको सिफारिस पत्र
३.फार्म दर्ताको प्रतिलिपी
४.फार्मको फोटो

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

**अनुसूची-१ (च)**

**(दुध संङ्कलन केन्द्रलाई मिल्क एनालाईजर खरिदमा ५० % अनुदानको निवेदन)**

औं पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौचरे ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय

प्रस्तुत बिषायमा मिति २०७६// को प्रकाशित सूचना अनुसार माग भए बमोजिम दुध संङ्कलन केन्द्रलाई मितकएनालाईजर खैरिदमा ५० % अनुदान कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. वडा कार्यालयको सिफारिस पत्र
३. दैनिक दुध संङ्कलनको तथ्याङ्क
४. स्थायी लेखा नं. प्रतिलीपी
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

**अनुसूची-१ (छ)**

**(दुध संङ्कलन केन्द्रलाई मिल्क क्यान वा मिल्क ट्याङ्क खरिदमा ५० % अनुदानको निवेदन)**

श्री पशु सेवा शाखा प्रमुख ज्यू
केन्र्वोसोम गाउँपालिका
खैघरे ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,
प्रस्तुत बिषायमा मिति २०७६// को प्रकाशित सूचना अनुसार माग भए बमोजिम दुध संङ्कलन केन्द्रलाई मिल्क क्यान वा मिल्क ट्र्याङ्क खरिदमा ५० % अनुदानको निवेदन कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु । -

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. वडा कार्यालयको सिफारिस पत्र
३. दैनिक दुध संङ्कलनको तथ्याङ्क
४. स्थायी लेखा नं. प्रतिलीपी
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

प्रस्तावकको
नामः
ठेगनाः
सम्पर्क न.
मितिः

## अनुसूची-१ (ज)

## (मासु पसल सुधार कार्यक्रमको निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषायमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए बमोजिम मासु पसल सुधार कार्यक्रमको निवेदन कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. वडा कार्यालयको सिफारिस पत्र
३. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

## अनुसूची-१ (झ)
## (पशु पालक सम्मान कार्यक्रमको निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौघरे ललितपुर

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,
प्रस्तुत बिषायमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए , बमोजिम ................. कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु ।
तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी

२. वडा कार्यालयको सिफारिस पत्र

३. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

४. दैनिक दुध संङ्कलनको तथ्याङ्क (दुध संङ्कलन केन्द्रको हकमा)

५. स्थायी लेखा नं. प्रतिलीपी (दुध संङ्कलन केन्द्र र सहकारीको हकमा)

६. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी (दुध संङ्कलन केन्द्र र सहकारीको हकमा)

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

## अनुसूची-१ (ञ)
## (माछा फार्म संचालनमा अनुदान कार्यक्रम को निवेदन)

श्री पशु सेवा शाखा प्रमुख ज्यू
कोन्ज्योसोम गाउँपालिका
चौघरे, ललितपुर ।

बिषयः कार्यक्रममा सहभागी सम्वन्धमा ।

महोदय,

प्रस्तुत बिषयमा मिति २०७६/ / को प्रकाशित सूचना अनुसार माग भए, बमोजिम........... कार्यक्रममा सहभागीताको लागि निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

तपशिल

१. नेपाली नगरिकताको प्रमाणपत्र प्रतिलीपी
२. वडा कार्यालयको सिफारिस पत्र
३. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क न.
मितिः

## अनुसूची २
## प्रस्ताव फारम

| क्र.सं. | प्राविधिक प्रस्ताव | विवरण | कैफियत |
|---|---|---|---|
| १ | प्रस्ताव कार्यक्रमको नाम | | |
| २ | कार्यक्रम संचालन हुने स्थान | | |
| ३ | आवेदकको नाम | | |
| ४ | आवेदकको ठेगाना | | |
| ५ | सम्पर्क नं. | | |
| ६ | सस्था दर्ता नं. | | |
| ७ | दर्ता भएको निकाय | | |
| ८ | दर्ता मिति | | |
| ९ | स्थायी लेखा नं. | | |
| १० | प्रस्ताबित कार्यक्रमको अनुमानित लगानी | | |
| ११ | आफ्नो लगानी | | ५० प्रतिशत लगानी स्वयमले व्यहोर्नु पर्ने |
| १२ | माग गरेको रकम | | |
| १३ | प्रस्ताबित कार्यक्रमको उदेश्य | | |
| १३.१ | | | |
| १३.२ | | | |
| १३.३ | | | |
| १३.४ | | | |
| १३.५ | | | |
| १३.६ | | | |
| १३.७ | | | |
| १४ | प्रस्ताबित कार्यक्रम कार्यन्वयनको स्थलको बिद्यमान भौतिक पुर्वाधार | | |
| | सडक सबिधा (छ/छैन) | | नजिकको बजारको नाम | | | |
| | सडकको अवस्था (पक्की /कच्ची) | | बजार सम्मको दुरी | | | |
| | बिजुली सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी | | | |
| | पानीको सुबिधा (छ/छैन) | | जग्गाको स्वामित्व(निजि/भाडा) | | | |
| १५ | प्रस्ताबित कार्यक्रमबाट लाभान्वित हुने सख्या | | |
| १६ | लक्षित समुदाय(अप्रत्यक्ष लाभान्वित हुने संख्या) | महिला | पुरुष | दलित | जनजाती | अन्य | |
| १७ | प्रस्तावित कार्यक्रम सम्पन्न गरिने कृयाकलापहरु | | |
| १७.१ | | | |
| १७.२ | | | |

<table>
<tr><td>१७.३</td><td colspan="2"></td><td></td></tr>
<tr><td>१७.४</td><td colspan="2"></td><td></td></tr>
<tr><td>१७.५</td><td colspan="2"></td><td></td></tr>
<tr><td>१७.६</td><td colspan="2"></td><td></td></tr>
<tr><td>१७.७</td><td colspan="2"></td><td></td></tr>
<tr><td>१८</td><td colspan="2">प्रस्तावित कार्यक्रममा अन्य निकाय समेतको लागत साझेदारी हुने भएमा खुलाउने</td><td></td></tr>
<tr><td></td><td>प्रस्तावित कार्यक्रममा साझेदारी गर्ने संस्था</td><td>साझेदार हुने रकम</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td></td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td></td></tr>
<tr><td>१९</td><td colspan="2">प्रस्तावकले विगत वर्षहरुमा कुनै निकायबाट कुनै लागत साझेदारीमा काम गरेका भएमा खुलाउने</td><td></td></tr>
<tr><td></td><td>साझेदारीको क्रियाकलापहरु</td><td>लागत रकम</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td></td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td></td></tr>
<tr><td>२०</td><td colspan="2">प्रस्तावकले कार्यक्रम सम्बन्धि कुनै तालिम लिएको भएमा खुलाउने</td><td></td></tr>
<tr><td></td><td colspan="2"><table>
<tr><th>क्र.सं</th><th>तालिमको नाम</th><th>तालिमको अवधि</th><th>तालिम दिने संस्था</th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td colspan="2">प्रस्तावित कार्यक्रमले सृजना गर्ने रोजगारी</td><td></td></tr>
<tr><td>२२</td><td colspan="2">अन्य केहि भएमा खुलाउने</td><td></td></tr>
<tr><td>२२.१</td><td colspan="2"></td><td></td></tr>
<tr><td>२२.२</td><td colspan="2"></td><td></td></tr>
<tr><td>२२.३</td><td colspan="2"></td><td></td></tr>
<tr><td>२२.४</td><td colspan="2"></td><td></td></tr>
<tr><td>२३</td><td colspan="2">हाल रहेको पशु संख्या</td><td></td></tr>
<tr><td>२४</td><td colspan="2">दैनिक उत्पादन</td><td></td></tr>
</table>

## **<u>आर्थिक प्रस्ताव</u>**

प्रस्तावमा उल्लखित क्रियाकलापहरुको लागत अनुमान र समकार्यको विस्तृत विवरण

| क्र.सं. | मुख्य मुख्य कार्यहरु | इकाइ | परिमाण | दर | कुल लागत | प्रस्तावकको लगानी | अनुदान अपेक्षा | प्रस्तावको लगानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| जम्मा रकम | | | | | | | | |
| भ्याट रकम | | | | | | | | |
| कुल लागत रकम | | | | | | | | |

माथि उल्लिखित विवरणहरु सहि रुपमा पेश गरेको छु । यदि कहि कतै झुठा ठहरेमा प्रचलित कानुन अनुसार सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँछु ।

प्रस्तावकको
नामः
ठेगानाः
सम्पर्क नं.
मितिः
संस्थाको छापः

# अनुसूची-३
# सम्झौता पत्र

कोन्ज्योसोम गाउँपालिका पशु सेवा शाखाको आ.व.२०७७/०७८ को पशु विकास कार्यक्रम अन्तरगतको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ................................... लागि प्रकाशित सूचना अनुसार छनौट भएको फार्ममा कार्यक्रम संचालनको लागि ......................... ललितपुर (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिने छ) र छनौट भएको ............................... (यस पछि दोश्रो पक्ष भनी सम्बोधन गरिने छ ) बीच तपशिल बमोजिमको शर्तहरुको पालना गर्ने गरी कार्यसम्पन्न गर्नको लागि यो सम्झौता गरी लियौं दियौं ।

१. यो सम्झौता पत्र पशुपालन फार्म श्री ...................................... र कोन्ज्योसोम गाउँपालिका तिल ........ लागि बनाइएको हो ।

२. यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ भएको मानिने छ ।

३. व्यवसायिक पशुपालन फार्मले सम्झौता भएको मितिले ...... महिना भित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

४. निर्माण गरिएको फार्ममा सम्झौता बमोजिम काम आफैंले गर्नुपर्ने छ । आफैंले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन ।

५. कार्य संचालन गर्दा निर्माण मेसिनरी सामानहरु कम्पनीको स्पेसिफिकेशन वा कोटेशन लिइ संचालन गर्नु पर्ने छ र कोटेशन कम्तीमा ३ वटा हुने पर्ने छ र सबै भन्दा कम बोलकबोल गरेको फार्मबाट
खरीद कार्य गर्नु पर्ने छ ।

६. उक्त कार्यको निर्माण कार्य सम्पन्न भए पश्चात प्रथम पक्षबाट रु .................... वा कुल लागतको ५० प्रतिसत मध्ये जुन रकम कम हुन्छ त्यही रकम एकमुष्ट रुपमा भुक्तानि गरिने छ ।

७. कृषक फार्मले यसै योजनाको लागि आफ्नै श्रोत बाहेक कुनै गैह्र सरकारी संघ संस्थाबाट सहयोग,अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कोन्ज्योसोम गाउँपालिकालाई जानकारी गराउनु पर्ने छ।

५. कृषक फर्मले काम गर्दा गाउँपालिकाबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नुपर्ने छ।

९. रकम भुक्तानि अन्तिम बिल तयार गर्ने प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी अनुगमन गराइ कार्य सम्पन्न प्रतिवेदन कोन्ज्योसोम गाउँपालिकाको कार्यालयमा प्राप्त भएको ७ दिन भित्र सम्बन्धित कृषक फार्मको नाममा रहेको बैंक खातामा भुक्तानी दिइने छ ।

१०. यस योजनाको निर्माण कार्य ......... आ.व भित्र सम्पन्न गर्नुपर्नेछ ।

११. कृषक फर्मको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा यसको सम्पूर्ण जिम्मेवारी आफै हुनेछ ।

१२. कृषक फार्मले निर्माण कार्यको सार्वजनिक जानकारी (Public Auditing ) गराउनुपर्ने छ ।

१३. सम्झौता भएको मिति देखि ................: दिन भित्र यो सम्झौता बमोजिम सम्पूर्ण कार्य (डिजाइन,
दृष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

१४. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धि कार्य सम्बन्धित कृषक आफैको गर्नु पर्नेछ ।

१५. निर्माण कार्य अथवा यस सम्बन्धि कुनै विवाद आएका गाउँपालिकाको निर्णय नै अन्तिम निर्णय मानिने छ ।

१६. यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

सञ्चालकः
नामः
फार्मको नामः
संस्थाको छापः

आर्थिक प्रशासन शाखा
साक्षी

शाखा प्रमुख
साक्षी

प्रमुख प्रशासकीय अधिकृत

**आज्ञाले,**

**रोम बहादुर महत**

**प्रमुख प्रशासकीय अधिकृत**